**Publisher:** TUTA, Dhawalagiri Multiple Campus, Baglung ISSN: 2392-4438




**Article information**

Received: 3 March 2025
Review: 4 March - 15 March 2025
Revision 16 March -24 March 2025
Accept: 25 March 2025
Published: 10 April 2025
DOI: https://doi.org/10.3126/ps.v23i1.77515
Available: https://www.nepjol.info/index.php/ps

# ‘यो हल्लैहल्लाको देश हो’ कवितामा लयविधान

लक्ष्मी रुम्बा
त्रि.वि. दर्शनाचार्य-विद्यावारिधि तहको दोस्रो सत्रमा अध्ययनरत शोधार्थी
Email: laxmirumba501@gmail.com

**लेखसार**

प्रस्तुत लेख भूपि शेरचनकृत ‘यो हल्लैहल्लाको देश हो’ कवितामा लयविधानको सुगठन कसरी भएको छ भन्ने समस्याको प्राज्ञिक समाधानमा केन्द्रित छ । कवितालाई अन्तरसाङ्गीतिक माधुर्यले परिपूर्ण बनाउँदै जीवन्त राख्न लय एक प्रमुख तत्त्व हो । ‘यो हल्लैहल्लाको देश हो’ कवितामा लयविधान सम्बन्धी प्रश्नको हल खोज्नु नै यस अध्ययनको मूल उद्देश्य रहेको छ । अध्ययनका लागि प्राथमिक सामग्रीको रूपमा भूपि शेरचनद्वारा लिखित ‘यो हल्लैहल्लाको देश हो’ कवितालाई लिइएको छ । अध्ययनको समस्यासँग सम्बन्ध राख्ने पुस्तक तथा सैद्धान्तिक समालोचनाका ग्रन्थहरुबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । दुबै सामग्री सङ्कलन पुस्तकालय स्रोतबाट गरिएको छ । अध्ययनलाई निचोडमा पुऱ्याउनको लागि पाठ विश्लेषणकेन्द्री गुणात्मक अनुसन्धान ढाँचालाई उपयोग गरिएको छ । अध्ययनको मूल समस्याको निरूपणका लागि लयविधानका सैद्धान्तिक पक्षलाई आधार मानिएको छ । समाधेय प्रश्नको निचोड निकाल्न लय सिर्जनाका मुख्य आधारहरू पङ्क्तिविन्यास, विचलन, आवृत्ति वा समानान्तरता, शब्दको वैपरीत्यमूलक प्रयोग र लेख्य चिह्नको प्रयुक्तिलाई लयविधानका मान्यताका आधारमा विश्लेषण गरी लयविधानका दृष्टिले प्रस्तुत कविता प्रभावशाली रहेको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी* : अन्तर्प्रवाह, आवृत्ति, विचलन, विपरीतता, पङ्क्तिविन्यास

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BYNC) License
(https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

कवि भूपि शेरचन (वि.सं. १९९२-०४६) आधुनिक नेपाली कविताका एक सशक्त हस्ताक्षरको रूपमा परिचित छन् । आधुनिक नेपाली कवितामा स्वच्छन्दतावादी-प्रगतिवादी धारा अन्तर्गत रही कविता लेखनमा सक्रिय शेरचनका घुम्ने मेचमाथि अन्धो मान्छे, नयाँ झ्याउरे, निर्झर, भूपि शेरचनका कविताहरू आदि कवितासङ्ग्रह प्रकाशित छन् । गद्य लयात्मक भाषाशैलीका माध्यमबाट स्वच्छन्दतावादी-प्रगतिवादी स्वर उराल्ने कवि शेरचनका कवितामा समाजमा व्याप्त विकृति, विसङ्गति विरुद्ध व्यङ्ग्यात्मक प्रहार अभिव्यक्त भएको पाइन्छ । विम्ब प्रतीकको कलात्मक प्रयोगसँगै मानवतावाद, प्रकृतिप्रेम, राष्ट्रियता, अन्तरलयात्मकता, युगबोधको सचेतनताले उनका कविताहरूमा सर्वकालिक महत्वसहितको समानुभूति प्रष्ट पाइन्छ । कवि भूपि शेरचनद्वारा रचित 'यो हल्लैहल्लाको देश हो' कविता घुम्ने मेचमाथि अन्धो मान्छे (२०३६) कवितासङ्ग्रहमा सङ्गृहीत छ । यो कवितामा प्रयुक्त लय नै यस कविताको आधारभूमि हो । कविताको भावलाई जीवन्त राख्न लय एक प्रमुख तत्व हो । कवितालाई साङ्गीतिक अन्तर्प्रवाहबाट मधुरता प्रदान गर्न लयविधानको महत्त्वपूर्ण भूमिका रहेको छ । लयको आधारमा कवितालाई मुक्तछन्द र छन्दोबद्ध गरी दुई भागमा विभाजन गरिएको छ । शास्त्रीय नियममा नबाँधिएका गद्यलयात्मक कविताहरू मुक्तछन्दमा पर्छन् भने शास्त्रीय र छन्दको नियमबाट उन्मुक्त कविताहरू छन्दोबद्ध कविता हुन् ।

प्रस्तुत लेख भूपि शेरचनद्वारा लिखित 'यो हल्लैहल्लाको देश हो' कवितामा लयविधान के कस्तो रहेको छ भन्ने मूल समस्यामा यो अध्ययन केन्द्रित छ । तसर्थ 'यो हल्लैहल्लाको देश हो' कवितामा लयविधान सम्बन्धी प्रश्नको हल खोज्नु नै यस अध्ययनको मूल उद्देश्य हो । यिनै उद्देश्य प्राप्तितर्फ यो अध्ययन परिलक्षित छ । केशवराज पोखरेल (२०२०) ले भूपिका कवितामा यमकाभास वक्रता विषयमा केन्द्रित रही अध्ययन गरेका छन् । नेत्र एटम (२०२०) ले भूपि शेरचनको हामी कवितामा सङ्कथन निर्मिति विषयमा सङ्कथन विश्लेषणका अध्येता जेम्स पल गीको सङ्कथन निर्मितिका सात मान्यताहरूमा आधारित रही कविताको विश्लेषण गरेका छन् । नित्यानन्द खतिवडा (२०७८) ले कवि भूपि शेरचन र हामी कविता विषयक अध्ययनमा कविताको व्यङ्ग्यचेतना, वस्तुसन्दर्भ र मूलभावको बारेमा विश्लेषण गरेका छन् । यी अध्ययनहरुमा भूपि शेरचनका कवितालाई अन्य मान्यताका आधारमा विश्लेषण गरिएता पनि 'यो हल्लैहल्लाको देश हो' कवितामाथि लयविधानको दृष्टिबाट अध्ययन नगरिएको हुँदा उक्त शोध रिक्तता पूरा गर्न प्रस्तुत अध्ययन महत्त्वपूर्ण रहेको छ । सङ्कथन विश्लेषणको विभिन्न कोणबाट विश्लेषण गर्न सकिने भएता पनि यस अध्ययनपत्रमा लयविधानअन्तर्गत रही अध्ययन गर्नु नै यस अध्ययनको सीमा हो ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका लागि सामग्रीहरूको सङ्कलन प्राथमिक र द्वितीयक स्रोतबाट गरिएको छ । प्राथमिक स्रोतको सामग्रीको रुपमा भूपि शेरचनद्वारा लिखित 'यो हल्लैहल्लाको देश हो' कवितालाई लिइएको छ । कवितामा प्रयोग भएका पङ्क्तिहरूलाई विश्लेष्य सामग्रीका रूपमा चयन गरिएको छ । यस कवितामा प्रयोग भएका लयविधान सम्बन्धी सूचक नै प्राथमिक सामग्री हुन् । अध्ययनको समस्यासँग सम्बन्ध राख्ने पुस्तक तथा सैद्धान्तिक समालोचनाका ग्रन्थहरुबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । दुबै स्रोतका सामग्रीहरूको खोजीका लागि आधारभूत तथा सहायक सामग्री सङ्कलनको मुख्य स्रोत पुस्तकालयलाई बनाइएको छ । अध्ययनलाई निचोडमा पुऱ्याउनको लागि पाठ विश्लेषणकेन्द्री गुणात्मक अनुसन्धान ढाँचालाई उपयोग गरिएको छ । यस अध्ययनमा गद्य कविताको लयविधानका सैद्धान्तिक मानदण्डमा आधारित रही भूपि शेरचनकृत 'यो हल्लैहल्लाको देश हो' कवितालाई पङ्क्तिविन्यास, विचलन, आवृत्ति वा समानान्तरता, शब्दको वैपरीत्यमूलक प्रयोग र लेख्य चिह्नको प्रयुक्तिका आधारमा विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

'ली' धातुमा 'अच्' प्रत्यय लागेर बनेको तत्सम शब्द नै लय हो । कवितामा प्रयुक्त ध्वनिको सुगठित आरोहअवरोह नै लय हो । "कवितामा विशिष्ट भाषिक विन्यासबाट लयको सृजना हुन्छ । छन्द बिना कविताको आकार सिर्जना भए पनि लय बिना त कविताको मूर्त रुपको कल्पना पनि गर्न सकिँदैन" (लुइटेल, २०६० : १३७) । ध्वनिहरूको विन्यासबाट नै लय सिर्जना हुन्छ । यसले ध्वनिको आरोहअवरोहको विकासक्रम आदिलाई बुझाउँछ । शब्द र अर्थको चमत्कारीक संयोजनबाट कवितामा व्यञ्जित हुने अन्तरसङ्गीत नै लय हो । यसरी हेर्दा गद्यकवितामा पनि पद्यकवितामा जस्तै लय उत्पादन गर्ने केही आधारहरू हुन्छन् । लयको प्रत्यक्ष सम्बन्ध सङ्गीतसँग रहेको देखिन्छ । लयले नै प्रत्येक पङ्क्तिलाई एक अर्कोसँग अन्तरसम्बन्धित बनाएको हुन्छ । यसैले कविताको अर्न्तसङ्गीत नै लय हो भन्ने स्पष्ट हुन्छ । "कविता अनुभूतिको लयात्मक अभिव्यक्ति हो र लयले नै कवितालाई साहित्यका अन्य विधाबाट पृथक बनाउँछ । कवितामा साङ्गीतिक अन्तरप्रवाह हुन्छ र यस्तो अन्तरप्रवाह ध्वनितत्वको व्यवस्थित संयोजनबाट सृजित हुन्छ जुन लयको रूपमा रहेको हुन्छ । छन्दोमुक्त कविता

तथा गद्यात्मक रचनामा छन्द नभए पनि लय हुन्छ र पदावलीभित्र वा सँगै आएका पदावलीहरूका विचमा हुने एकै रूपका ध्वनिको आरोह अवरोह तथा ध्वनिको आवृत्ति ढाँचाबाट लयको सृजना भएको हुन्छ" (गौतम, २०७६, पृ. ५७४) । लयले कविताको भाव सम्प्रेषणलाई सुमधुर बनाउँदै थप प्रभावकारी बनाउँछ ।

गद्य कवितामा लयविधानका आफ्नै मौलिक पद्धतिहरू रहेका छन् । "साहित्यका अन्य रूपभ्कै कविता पनि सावयव बस्तु भएकाले कविताको आफ्नो संरचना हुन्छ । कविताका सन्दर्भमा संरचना भनेको ती सबै तत्वहरूको कुल योग र कुल योगभन्दा बढी अरू केही पनि हो, जसबाट कविताको निर्माण हुन्छ" (शर्मा, २०७९, पृ.४२) । विषय, शब्दचयन, विम्ब, प्रतीक, अलङ्कार, ध्वनि आदि कविता संरचनाका तत्वहरू हुन् । त्यसैले गद्य कविताको लयविधानलाई छुट्याउने आधारहरू विशेष प्रकारका छन् । "काव्यमा विशिष्ट शब्दको प्रयोग हुन्छ । भाषिक विन्यासद्वारा सिर्जित लय सुगठनभित्र साहित्य सजिन्छ" (रेग्मी, सन् २०२१, पृ.१३६) । पङ्क्ति विन्यास, समानान्तरता वा आवृत्ति, विचलन, शब्दहरूको वैपरीत्यमूलक प्रयोग, लेख्य चिह्नहरूको प्रयोग, शब्दहरूको खण्डीकरण तथा प्रयोग, अनुप्रास, सम्बोधक शब्दहरूको प्रयोग, विशिष्ट ध्वन्यात्मक शब्द, बिम्ब प्रतीक र अलङ्कार आदिले गद्यकवितामा लय सिर्जना गर्दछ । "लयले कविताको भावार्थ स्पष्ट पार्दै कवितालाई सहज गति प्रदान गर्छ । लय गतिको नियन्त्रण र नापिएको प्रवाह हो । यसमा भाषाका वार्णिक चरित्र, अक्षरको सङ्ख्या, पढ्दा त्यसमा लाग्ने समय र तिनीहरूको सुरमा आधारित हुन्छ" (बराल, २०७०, पृ.६०) । लय नै कवितालाई पहिचान गर्ने पहिलो लक्षण हो । यसैले कवितालाई अन्य विधाबाट छुट्याउने आधार लय  हो । "गद्यकविता पूर्ण रूपमा छन्दहीन र लयहीन हुँदैन । यसमा एक प्रकारको विशिष्ट अन्तर्लय, अन्तर्छन्द, यति, गति हुन्छ तर त्यो पद्यकवितामा जस्तो नियमबद्ध हुँदैन" (लुइटेल, २०५७, पृ.२५) । गद्यकवितामा पद्य कवितामा जस्तो प्रष्ट लय नदेखिए पनि यसभित्र विशिष्ट प्रकारको अन्तरलय समेटिएको हुन्छ ।

गद्य कवितामा पङ्क्तिविन्यास लयको उत्पादन गर्ने एक प्रमुख आधार हो । गद्यकवितामा पङ्क्तिविन्यासको क्रम असमान, अनियमित र विविधतापूर्ण हुन्छ । कवितामा प्रयोग गरिएको समान वर्णदेखि समान शब्द, पदावली, वाक्याशं, उपवाक्य, वाक्य र अनुच्छेहरू दोहोरिनु नै आवृत्ति हो कवितामा हुने वर्णको आवृत्तिलाई अनुप्रास भनिन्छ । "भाषा-प्रयोगमा नियमित पुनरावृत्तिलाई समानान्तरता भन्दछन् । त्यसैले समानान्तरता भनेको बढी नियमितताको पालना हो" (शर्मा, २०७९, पृ.५९) । भाषा वा व्याकरणका मानक नियमको उल्लङ्घन नै विचलन हो । कवितामा अर्थ र भाषिक सौन्दर्यको विशिष्ट स्वरूप निर्माण गर्न विचलनको भूमिका रहन्छ । "कवितालाई विशिष्ट बनाउने उद्देश्यले भाषिक तहमा हुने पुनरावृत्ति नै आवृत्ति र समान्तरता हो । एउटा सङ्कथनमा समान वर्णदेखि शब्द, पदावली वाक्यांश, वाक्यहरू र अनुच्छेदको पुनरावृत्ति हुन्छ । विचलन, अनियमितता र समानान्तरता अतिरिक्त नियमितता भएकाले समानान्तरता विचलनको विपरीत देखापर्ने उपकरण हो । भषिक एकाइ रूपिम, शब्द, पदसमूह, उपवाक्य बाक्यका तहमा बाल्य र आन्तरिक समानान्तरता रहेका हुन्छन्" (शर्मा र लुइटेल, २०६३, पृ.२५२) । समानान्तरताको उल्टो आउने शब्द विपरीतता हो । "पाठमा प्रयोग भएका भाषिक एकाइहरू समान्तर रूपमा परस्पर विपरीत अर्थ सम्प्रेषण गर्न आएमा विपरीतार्थी अर्थ सन्दर्भ रहन्छ" (पौडेल र पोखरेल, २०८०, पृ.३१) । ध्वन्यात्मक समानता भएका तर विपरीत अर्थ दिने शब्दको प्रयोगले कवितामा लय पैदा गर्छ । कविताको गति, यति, लयलाई व्यवस्थित र सङ्केत गर्न अल्पविराम, पूर्णविराम, प्रश्नचिह्न, विस्मयसूचक चिह्न, योजक आदि लेख्य चिह्नको प्रयोग गरिन्छ । गद्य कवितामा लेख्य चिह्नको प्रयोगले वढी प्रभाव पारेको हुन्छ । प्रस्तुत गरिएका सैद्धान्तिक धारणाहरुलाई कविताको लय विश्लेषणका लागि प्रयोग गरिएको छ ।

## नतिजा र विमर्श

'यो हल्लैहल्लाको देश हो' कवितामा प्रयुक्त लयविधानको अध्ययनका लागि यस कवितामा १. पङ्क्तिविन्यास २. आवृत्ति वा समानान्तरता ३. विचलन ४. शब्दहरूको विपरीत्यमूलक प्रयोग र ५.लेख्य चिह्नको प्रयुक्तिको आधारमा विश्लेषण गरिएको छ ।

### कविताको पूर्ण पाठ

कविताको शीर्षक: यो हल्लैहल्लाको देश हो

१. कानमा इयरफोन लगाउनुपर्ने बहिराहरू
२. जहाँ सङ्गीत प्रतियोगिताका जज हुन्छन्
३. र जहाँ आत्मामा पत्थर परेकाहरू
४. काव्यका निर्णायक मानिन्छन्,
५. काठका खुट्टाहरू जहाँ रेसमा विजेता हुन्छन्

६. र जहाँ प्लास्टर गरिएका हातहरूमा
७. सुरक्षाको सङ्गीन थमाइन्छ,
८. जहाँ बाटो र अट्टालिकाहरूका ढोकाअगाडि
९. डोकोको डोको
१०. खर्पनका खर्पन,
११. ट्रकका ट्रक आत्माको मन्डी सजाइन्छ,
१२. स्टक एक्सचेन्जका सेयरजस्तै
१३. आत्मा क्रयविक्रय गर्न सक्नेहरू
१४. जहाँ नेता हुन्छन्
१५. र जहाँ निधारभरि कर्कटपाताजस्तै
१६. चाउरी परिसकेकाहरू
१७. तन्नेरीहरूका अगुवा हुन्छन्
१८. जहाँ जतिसुकै व्यभिचारीको पनि
१९. इज्जतको 'वास एन वियर क्रिज' कहिले बिग्रिन्न,
२०. जहाँ जतिसुकै/पाप गरेको वेश्या पनि
२१. अनुहारको टेरेलिनको छाला कहिल्यै खुम्चिन्न,
२२. जहाँ कृषि-मेलाहरूमा
२३. दोब्बर उब्जनी हुने बिउहरूको प्रदर्शनी गरिन्छ
२४. र जहाँ खडेरी र अनिकालमा  सम्चारले भरिन्छ,
२५. जहाँ बाग्मती र बिष्णुमतीका साटोमा
२६. अब बियर र ह्विस्की बग्दछन्,
२७. र जहाँ अब पशुपतिनाथ र स्वयम्भूनाथका मन्दिरको उपयोग
२८. तिनका प्रसाद खानमा कम, र
२९. तिनका पछाडिका वनहरूमा
३०. आडम र इभको 'बर्जित फल' खानमा बर्ता गरिन्छ,
३१. जहाँ चिनीको कारखानाले
३२. चिनी होइन, रक्सी मात्र बनाउँछ
३३. र जहाँका स्वतन्त्र आमाहरूले
३४. छोरा होइन लाहुरे मात्र जन्माउँछन्
३५. जहाँ ऋण तिर्नका लागि महाकविले
३६. असमयमै मर्नुपर्दछ
३७. जहाँ स्वदेशको पिरले बहुलाएको कविले
३८. विदेशी अस्पतालको शरण पर्नुपर्दछ,
३९. र जहाँ सरस्वतीकी एक्ली छोरीले
४०. विनाउपचार बैंसमै कुँजिएर जीवन बिताउनुपर्दछ,
४१. जहाँ गाइडले टुरिस्टलाई
४२. नेपालको विदेशलाई देन सम्झाउँछ
४३. र बिदाको बेलामा उससित उसको
४४. विदेशी क्यामराको देन माग्दछ,
४५. जहाँका तन्नेरीहरू
४६. किल्ला काँगडा र नालापानीको गीत गाउँदै
४७. अब कवाज खेल्छन्
४८. टाई र कोटको कलरमा खुकुरी भिरेर,
४९. यो देशमा मलाई भन्न कर लाग्छ
५०. आफ्नो मुटु चिरेर

५१. कि ए मेरा देशवासीहरू हो !
५२. ए मेरो देशका सम्मानीय नेताहरू हो !
५३. भन्न मन लाग्छ भने भन मलाई
५४. स्वदेशनिन्दक वा घृणाचिन्तक
५५. तर यो देश तिम्रो जत्तिकै मेरो पनि देश हो,
५६. अंशैबन्डा गर्ने हो भने पनि यो देशका एक करोड
५७. टुक्राहरूमध्ये एउटा टुक्रामाथि
५८. मेरो पनि छाप्रो हुने छ
५९. र यो देशका असङ्ख्य बगरहरूमध्ये एउटा बगरमाथि
६०. मेरो पनि चिता हुने छ
६१. यही भावनाले मलाई यो भन्न बाध्य गराउँछ र
६२. आँट दिलाउँछ यो भन्न
६३. कि 'यो हल्लैहल्लाको देश हो'
६४. खनेर हेर्ने हो भने यहाँका प्रत्येक घरहरूका जगमा ८
६५. यहाँ फगत हल्लैहल्ला थुप्रिएको पाइने छ ।
६६. त्यसैले यो हल्लैहल्लाको देश हो
६७. यो हल्लैहल्लामाथि उभिएको देश हो
६८. यो हल्लैहल्लामाथि उठेको देश हो
६९. यो हल्लैहल्लाको देश हो ।
(शेरचन, २०७४, पृ.१३७-१३९)

**पङ्क्तिविन्यास**

'यो हल्लैहल्लाको देश हो' कविता मुक्त लयमा रचिएको हुँदा पङ्क्ति विन्यासमा एकरुपता छैन । असमान, अनियमित र विविधतापूर्ण पङ्क्तिहरूको संयोजन गरिएको यस कवितामा समावेश भएका वाक्यात्मक हरफहरूमा विविधता छ । कविताका दुबै अनुच्छेदमा अक्षर तथा शब्दको सङ्ख्यामा भिन्नता रहेको छ । यस कविताको दोस्रो अनुच्छेदमा 'हल्लैहल्ला' शब्द पटक पटक दोहोरिएको छ । यसले कवितामा समान ध्वनि पैदा गरेको छ । यसरी एउटै शब्द पटक पटक दोहोरिँदा कवितामा लय उत्पन्न भएको छ । शास्त्रीय नियममा आबद्ध भएर लेखिएका कवितामा जस्तो आरोह, अवरोह, गति तथा यतिमा एकरुपता वा समानता मुक्त लयका कवितामा पाउन सकिँदैन ।

कवितामा लयविधानका लागि पङ्क्तिविन्यास एउटा महत्त्वपूर्ण आधार हो । मुक्त लयका कवितालाई सुललित बनाउनको लागि केही आधारभूत कुराहरूलाई क्रम मिलाएर राख्ने काम नै पङ्क्तिविन्यास हो । "कवितामा लयविधानका लागि पक्ति विन्यास एउटा आधारभूत तत्त्व हो। गद्य कविताहरू शास्त्रीय नियम र अनुशासनमा आधारित बद्ध लय ढाँचामा नरहेर मुक्त लय ढाँचामा आधारित हुन्छन् । यस्ता कवितामा पक्ति विन्यासको क्रम असमान, अनियमित र विविधतापूर्ण हुन्छ। कहीं लामा-लामा त कतै छोटा-छोटा पङ्क्तिको प्रयोग गरिएको हुन्छ । पङ्क्तिगत विन्यासका क्रमलाई संरचनात्मक आधारमा सबल बनाउन लेखक सचेत रहन्छ । यसर्थ संरचनामा वस्तुको आन्तरिक र अन्तःसम्बन्धित नियम, विनियम वा व्यवस्थाको समुच्चय हुन्छ । यसभित्र कृक्तिको पूर्णता, घटकहरूको प्रकार्य र कृतिको स्वायत्तता निहीत हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ.२५०)।"यसमा पङ्क्ति, शब्द, अनुच्छेदहरू के कसरी मिलाएर राखिएको छ भन्ने कुराले कविताको अर्थबोध हुन्छ । समान, असमान र विविधतापूर्ण तरिकाले कवितामा पङ्क्तिहरूको विन्यास गरिएको हुन्छ । तर कवितामा बाह्य र आन्तरिक लय सिर्जना गर्नको लागि वर्ण, अक्षर, ध्वनि जस्ता कुराहरूको विन्यास के कति ढाँचा पुऱ्याएर राखिएको छ भन्ने कुराले अर्थ राख्दछ ।

पङ्क्तिहरू निर्माण गर्दा शब्द संख्या के कति छन् र कसरी तिनीहरूको संयोजन भएको छ भन्ने कुराले कविताको भावगत र अर्थगत महत्व राख्दछ । एक शब्ददेखि माथि अनेकौं शब्दहरूको प्रयोग गरेर पनि कविता सिर्जना गर्न सकिन्छ । शब्दको वितरणमा न्यूनता र अधिकताको प्रयोग गरेर असमान वितरण गर्न सकिन्छ । साथै चित्रात्मक शब्दको प्रयोग गर्दै एउटै वाक्यलाई पनि अनेक पङ्क्तिमा कविता बुन्न सकिन्छ । प्रत्येक पङ्क्तिमा गति, यति र लयलाई पच्छ्याउँदै विराम चिन्हहरूको प्रयोग गर्दा कविता श्रुतिमधुर हुन जान्छ ।

यो कवितामा ६० पङ्क्तिको पहिलो अनुच्छेद र ९ पङ्क्तिको दोस्रो अनुच्छेद गरी दुई अनुच्छेदमा संरचित छ । यसरी हेर्दा कवितामा शब्द सङ्ख्या र वर्ण सङ्ख्यामा असमानता देखिन्छ । यस कवितामा समावेश भएका ६९ पङ्क्तिका ३२९ शब्द सङ्ख्याहरू कुन पङ्क्तिमा कतिवटा समावेश गरिएका छन् भनि यसरी प्रस्तुत गरिएको छ ।

**तालिका १**

*कवितामा पङ्क्ति र शब्द संरचना*

| २ शब्दका पङ्क्ति | ३ शब्दका पङ्क्ति | ४ शब्दका पङ्क्ति | ५ शब्दका पङ्क्ति | ६ शब्दका | ७ शब्दका | ८ शब्दका | ९ शब्दको |
|---|---|---|---|---|---|---|---|
| ५ वटा | १३ वटा | १० वटा | २३ वटा | ९ वटा | ३ वटा | ४ वटा | २ वटा |
| जम्मा पङ्क्ति ६९ | | | | | | जम्मा शब्द सङ्ख्या ३२९ | |

'यो हल्लैहल्लाको देश हो' ३२९ शब्द, ६९ पङ्क्ति र २ अनुच्छेदमा संरचित गद्य कविता हो । यस कवितामा थोरैमा २ शब्ददेखि धेरैमा ९ शब्दसम्मका पङ्क्तिहरूको विन्यास रहेको छ । यस कविताको पहिलो अनुच्छेदमा ६० पङ्क्ति समावेश गरिएका छन् । पहिलो पङ्क्तिमा ४ शब्द, दोस्रोमा ५ शब्द, तेस्रोमा ५ शब्द, चौथोमा ३ शब्द, पाँचौंमा ६ शब्द, छैटौंमा ५ शब्द, सातौंमा, ३ शब्द, आठौंमा ५ शब्द, नवौंमा २ शब्द, दशौंमा २ शब्द, एघारौंमा ५ शब्द, बाह्रौंमा ३ शब्द, तेह्रौंमा ४ शब्द, चौधौंमा ३ शब्द, पन्ध्रौंमा, ४ शब्द, सोह्रौंमा २ शब्द, सत्रौंमा ३ शब्द, अठारौंमा ४ शब्द, उन्नाइसौंमा ७ शब्द, बीसौंमा ६ शब्द, एक्काइसौंमा ५ शब्द, बाइसौंमा ३ शब्द, तेइसौंमा ६ शब्द, चौबिसौंमा ७ शब्द, पच्चिसौंमा ५ शब्द, छब्बीसौंमा ५ शब्द, सत्ताइसौंमा ८ शब्द, अठ्ठाइसौंमा ५ शब्द, उनन्तिसौंमा ३ शब्द, तीसौंमा ८ शब्द, एक्तिसौंमा ३ शब्द, बत्तीसौंमा ५ शब्द, तेत्तीसौंमा ४ शब्द, चौंतिसौंमा ५ शब्द, पैंतिसौंमा ५ शब्द, छत्तीसौंमा २ शब्द, सैंतिसौंमा ५ शब्द, अड्तिसौंमा ४ शब्द, उनन्चालिसौंमा ५ शब्द, चालिसौंमा ५ शब्द, एक्चालिसौंमा ३ शब्द, बयालिसौंमा ४ शब्द, त्रिचालिसौंमा ५ शब्द, चवालिसौंमा ४ शब्द, पैंचालिसौंमा २ शब्द, छ्यालिसौंमा ६ शब्द, सड्चालिसौंमा ३ शब्द, अड्चालिसौंमा ६ शब्द, उन्पचासौंमा ५ शब्द, पचासौंमा ३ शब्द, एकाउन्नौंमा ५ शब्द, बाउन्नौंमा ६ शब्द, त्रिपन्नौंमा ६ शब्द, चौवन्नौंमा ३ शब्द, पच्पन्नौंमा ९ शब्द, छेपन्नौंमा ९ शब्द, सन्ताउन्नौंमा ३ शब्द, अन्ठाउन्नौंमा ५ शब्द, उन्साठीऔंमा ७ शब्द र साठीऔं पङ्क्तिमा ५ शब्द रहेका छन् । यस अनुच्छेदमा सबैभन्दा छोटा पङ्क्ति २ शब्दका र सबैभन्दा लामा पङ्क्ति ९ शब्दका छन् । यसरी शब्द, ध्वनि र वर्णमा धेरै नै असमानता पाउन सकिन्छ ।

त्यसै गरी कविताको दोस्रो अनुच्छेद ९ पङ्क्तिमा रचना गरिएको छ । दोस्रो अनुच्छेदको पहिलो पङ्क्तिमा ८ शब्द, दोस्रोमा ४ शब्द, तेस्रोमा ५ शब्द, चौथोमा ८ शब्द, पाँचौंमा ६ शब्द, छैटौंमा ५ शब्द, सातौंमा ५ शब्द, आठौंमा ५ शब्द र नवौंमा ४ शब्द समावेश गरिएका छन् । सबै भन्दा कम ४ शब्द र सबैभन्दा बढी ८ शब्दमा यो अनुच्छेद संरचना गरिएको छ । यस अनुच्छेदमा पनि शब्दको असमान वितरण गरिएको छ ।

दोस्रो अनुच्छेदका ३, ५, ६, ७, ८ र ९ पङ्क्तिमा हल्लैहल्ला शब्द ६ पटक दोहोरीएको छ । 'हल्लैहल्ला' शब्दको पुनरावृत्तिले दोस्रो अनुच्छेदमा व्याकरणात्मक तथा शाब्दिक र ध्वन्यात्मक समानता प्रकट गरेको छ ।

शब्दहरूको विविधतापूर्ण प्रयोगले कवितामा लय सिर्जना गरेको छ । २ शब्ददेखि ९ शब्दसम्मका पङ्क्तिहरू रहनुले यो कवितामा शब्दको वितरण विविधतापूर्ण रहेको छ । यस कवितामा शब्दगत र पङ्क्तिगत वितरण असमान र विविधतापूर्ण संरचना भएको देखिन्छ । यसरी शास्त्रीय नियम विपरित रहेको यो कविता मुक्त लयमा बुनिएको गद्य कविता हो ।

**विचलन**

भाषा तथा व्याकरणले स्थापना गरेका मान्यताको उलङ्घन गर्दै अर्थको विशिष्टता खोज्नु विचलन हो । भाषिक सौन्दर्य निर्माण गर्दै अर्थ, लय, कोशीय, व्याकरण, ध्वनि जस्ता तत्वमा भएका विचलनले कविताको भावमा गहिरोपन पैदा गर्छ । भावनाको तीव्रताले गर्दा कविहरू मानक भाषामा विचलन ल्याउँछन् । आलङ्कारिक विन्यासको रुपमा पनि कवितामा विचलनलाई हेर्ने गरिन्छ ।

विचलनले कवितालाई लयात्मक बनाउँछ । गद्य कवितामा भाषिक विचलन अनौठो कुरा होइन । यस कवितामा पनि कर्ता, कर्म र क्रियाको मानक नियम भङ्ग भई व्याकरणिक विचलन आएको छ ।

१. कानमा इयरफोन लगाउनुपर्ने बहिराहरू

२. जहाँ सङ्गीत प्रतियोगिताका जज हुन्छन्

३. र जहाँ आत्मामा पत्थर परेकाहरू

४. काव्यका निर्णायक मानिन्छन्,

५. काठका खुट्टाहरू जहाँ रेसमा विजेता हुन्छन्

६. र जहाँ प्लास्टर गरिएका हातहरूमा

७. सुरक्षाको सङ्गीन थमाइन्छ,

सङ्गीत प्रतियोगिताको जज बहिरा हुनु, आत्मामा पथ्थर परेकाहरू काव्यको निर्णायक हुनु, काठका खुट्टाहरू रेसमा विजयी हुनु, आदिले यस कवितामा आर्थी विचलन आएको देखिन्छ ।

१२. स्टक एक्सचेन्जका सेयरजस्तै

१३. आत्मा क्रयविक्रय गर्न सक्नेहरू

१४. जहाँ नेता हुन्छन्

यहाँ हरफ १३, १२, १४ को मानक प्रयोग हुनुपर्नेमा यसो नभएको हुँदा पदावली विचलन भएको देखिन्छ । यसैगरी कवितामा भाषिकागत र शाब्दिक विचलन भने केही मात्रामा भएको छ ।

**आवृत्ति वा समानान्तरता**

मुक्त छन्दका कवितामा शब्द, ध्वनि, अक्षर, पद, पदविन्यास, वाक्य, वर्ण तथा पङ्क्तिहरूको पुनरावृत्तिले एक किसिमको लय सिर्जना गर्दछ । कविताको भावलाई यस्ता तत्वको आवृत्तिले बोधगम्य बनाउँछन् । त्यसै गरी शब्द, ध्वनि, अक्षर, पद, वाक्य, वर्ण तथा पङ्क्तिहरूमा हुने समानान्तर आवृत्तिले पनि गद्य कवितालाई लयात्मक बनाएको हुन्छ ।

आन्तरिक र बाह्य रुपमा आवृत्त हुने अनुप्रासले कवितालाई लयाबद्ध बनाएका हुन्छन् । ध्वनि, वर्ण, शब्द वाक्य तथा अनुच्छेदमा भएको पुनरावृत्तिले कवितामा बाह्य लयको सिर्जना गर्छन् भने अर्थमा आउने पुनरावृत्तिले कवितामा आन्तरिक लय सिर्जना गर्छन् । यहाँ कविताको वर्ण, शब्द र ध्वनिको आवृत्तिको विश्लेषण गरिएको छ ।

३२९ वटा शब्द, ६९ पङ्क्ति र दुई अनुच्छेदको संरचना भएको यस कवितामा पहिलो अनुच्छेद ६० पङ्क्तिमा लेखिएको छ । पहिलो अनुच्छेदका १ र ३ पङ्क्तिको अन्त्यमा आएका 'बहिराहरू' र 'परेकाहरू' शब्दमा आएका 'हरू' शब्दले शब्दगत र ध्वनिगत वितरणमा समानता देखाएका छन् ।

१. कानमा इयरफोन लगाउनुपर्ने बहिराहरू

३. र जहाँ आत्मामा पत्थर परेकाहरू

त्यसै गरी पहिलो अनुच्छेदको दोस्रो पङ्क्तिमा आएको हुन्छन्, चौथो पङ्क्तिमा आएको मानिन्छन्, पाँचौँ पङ्क्तिमा आएको हुन्छन् शब्दले पनि ध्वनिगत वितरणमा समानता प्रकट गरेका छन् ।

कविताको दोस्रो अनुच्छेदका ६३, ६५, ६६, ६७, ६८, ६९ पङ्क्तिमा हल्लैहल्ला शब्द ६ पटक दोहोरिएको छ ।

६५. कि यो हल्लैहल्लाको देश हो

६५. यहाँ फगत हल्लैहल्ला थुप्रिएको पाइने छ ।

६६. त्यसैले यो हल्लैहल्लाको देश हो

६७. यो हल्लैहल्लामाथि उभिएको देश हो

६८. यो हल्लैहल्लामाथि उठेको देश हो

६९. यो हल्लैहल्लाको देश हो ।

'हल्लैहल्ला' शब्दले कवितामा शब्दगत र ध्वनिगत वितरणमा समानता ल्याएको छ । यही समानताले कवितामा लय उत्पन्न भएको छ । शब्दगत तहबाट हेर्दा कवितामा समान ध्वनि भएका शब्दको धेरै नै पुनरावृत्ति भएको छ । कविताको पहिलो अनुच्छेदमा रहेका २, ३, ५, ६, ८, १४, १५, १८, २०, २२, २४, २५, २७, ३१, ३३, ३५, ३७, ३९, ४१, ४५ पङ्क्तिका सुरु र मध्यमा २० पटक 'जहाँ' शब्दको पुनरावृत्ति भएको छ । 'जहाँ' शब्दको बारम्बारको पुनरावृत्तिले कवितामा शब्दगत वितरणमा समानता ल्याएको छ ।

यस कवितामा छन् क्रियापद ८ पटक आवृत्ति भएको छ । त्यसै गरी हुन्छन्, मानिन्छन्, हुन्छन्, थमाइन्छ, सजाइन्छ, हुन्छन्, हुन्छन्, बिग्रिन्न, खुम्चिन्न, गरिन्छ, भरिन्छ, बग्दछन्, गरिन्छ, बनाउँछ, जन्माउँछन्, मर्नपर्दछ, पर्नुपर्दछ, बिताउनुपर्दछ, सम्झाउँछ, माग्दछ, खेल्छन्, लाग्छ, जस्ता क्रियापदमा आएका 'अ' ध्वनिलेहरूको आवृत्तिले कवितामा अन्त्यानुप्रास उत्पन्न भएको छ । यो हल्लैहल्लाको देश हो कवितामा आएका 'बहिराहरू', 'परेकाहरू', 'सक्नेहरू', 'परिसकेकाहरू' जस्ता शब्दहरूमा

आएको 'रु' अक्षरको पुनरावृत्तिले पनि कवितामा लय सिर्जना गर्न मद्दत गरेका छन् । डोकोका डोको, खर्पनका खर्पन जस्ता समानान्तर ध्वनि भएका शब्दको प्रयोगले पनि कवितालाई लयात्मक बनाएको छ ।

**शब्दहरूको विपरीत्यमूलक प्रयोग**

ध्वन्यात्मक समानता भएका तर पृथक र विपरीत अर्थ दिने शब्दको प्रयोगले कवितामा लय पैदा गर्छ । कतिपय कवितामा यस्ता शब्दको प्रयोग अत्यधिक मात्रामा भएको हुन्छ भने कतिपय कवितामा यस्ता शब्दको प्रयोग न्यून रुपमा भएको हुन्छ । कविताको भावमा मिठास ल्याउन तथा लयमा मधुरता ल्याउनको लागि विपरीतता शब्दको प्रयोग भएको हुन्छ ।

१३. आत्मा क्रयविक्रय गर्न सक्नेहरू

क्रयविक्रय शब्दको प्रयोगले कवितामा भावात्मक अन्तरलय सिर्जना गरेको छ । 'यो हल्लैहल्लाको देश हो' कविताको १३ औं पङ्क्तिमा 'क्रयविक्रय' समान ध्वन्यात्मक उच्चार भएको तर विपरीत अर्थ दिने शब्दको प्रयोग भएको छ ।

**लेख्य चिह्नहरूको प्रयुक्ति**

गद्य कवितामा लेख्य चिन्हको प्रयोगले विशेष अर्थ राख्छ । चिन्हहरूले कविताको भाव विस्तारमा महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । कविताको भावको गहनतालाई पूर्णता दिन र गति, यति तथा लयलाई व्यवस्थित तवरले अगाडि बढाउन लेख्य चिन्हको प्रयोगको सार्थकता हुन्छ । कतिपय कवितामा यस्ता चिन्हहरूको प्रयोग प्रचुर मात्रामा गरिएको हुन्छ भने कतिपय कवितामा न्यून मात्रामा प्रयोग गरिएको हुन्छ । कवितामा अर्थ र भावको विविधतालाई यस्ता चिन्हले सहयोग गरेका हुन्छन् । कविताको आन्तरिक तथा बाह्य लय सिर्जनामा लेख्य चिन्हको प्रयोगले सहायक भूमिका खेलेका हुन्छन् । कविता वाचन गर्दा गति, यति र लयमा एकरुपता ल्याउँदै कवितालाई सरस र बोधगम्य बनाउँन यी चिन्हको आवश्यकता हुन्छ । पूर्णविराम, योजक, अल्पविराम, विस्मयादिबोधक, प्रश्नवाचक जस्ता चिन्हहरूले कविताको आन्तरिक भावलाई बलियो बनाएका हुन्छन् । यो 'हल्लैहल्लाको देश हो' कवितामा यस्ता चिन्हहरूको प्रयोग न्यून मात्रामा भएको छ ।

भूपि शेरचनद्वारा लिखित 'यो हल्लैहल्लाको देश हो' कवितामा अल्पविराम (,), विस्मयसूचक (!), उद्धरण ('...'), पूर्णविराम चिन्ह (।) र योजक चिन्ह (-)को प्रयोगले कवितामा आन्तरिक लय सिर्जना गरेको छ ।

**अल्पविराम चिन्ह ( , )**

कविताको प्रवाहलाई अगाडि बढाउन तथा वाक्य पूर्ण नभएको जनाउन यहाँ अल्पविराम चिन्हको व्यापक प्रयोग गरिएको छ ।

४.काव्यका निर्णायक मानिन्छन्,
७. सुरक्षाको सङ्गीन थमाइन्छ,
९. डोकोका डोको,
१०. खर्पनका खर्पन,
११. ट्रकका ट्रक आत्माको मन्डी सजाइन्छ,
१९. इज्जतको 'वास एन वियर क्रिज' कहिले बिग्रिन्न,
२१. अनुहारको टेरेलिनको छाला कहिल्यै खुम्चिन्न,
२४. र जहाँ खडेरी र अनिकालमा सम्चारले भरिन्छ,
२६. अब बियर र ह्विस्की बग्दछन्,
३०. आडम र इभको 'बर्जित फल' खानमा बर्ता गरिन्छ,
३८. विदेशी अस्पतालको शरणमा पुग्नुपर्दछ,
४०. विनाउपचार बैंसमै कुँजिएर जीवन बिताउनुपर्दछ,
४४. विदेशी क्यामराको देन माग्दछ,
४८. टाई र कोटको कलरमा खुकुरी भिरेर,
५५. तर यो देश तिम्रो जत्तिकै मेरो पनि देश हो,

यहाँ पन्ध्र पटकसम्म अल्पविराम चिन्हको प्रयोग भएको छ । कवितालाई लयात्मकता भर्न यस चिन्हले, कवितामा गति पैदा गरेको छ । कवितालाई प्रवाहमय बनाएको छ । अल्पविरामको प्रयोगले कवितामा आन्तरिक लय उत्पन्न भएको छ ।

**विस्मयसूचक चिन्ह ( ! )**

खुसी, रोदन, शोक, घृणा तथा आश्चर्यजस्ता भाव प्रकट गर्न विस्मयसूचक (!) चिन्हको प्रयोग गरिन्छ । यस कवितामा ५२ र ५३ पङ्क्तिमा विस्मयसूचक चिन्ह (!) को प्रयोग गरिएको छ ।

५२. कि ए मेरा देशवासीरु हो !
५३. ए मेरो देशका सम्मानीय नेताहरू हो !

विस्मयसूचक चिन्हको प्रयोगले कवितामा आन्तरिक लय सिर्जना गरेको छ ।

**उद्धरण चिन्ह** (‘...’)

कुनै भनाइ, पदावली वा वाक्यांशमा जोड गर्दा यो चिन्हको प्रयोग गरिन्छ । यस कविताको अनुच्छेद १ को १९ र ३० औं पङ्क्तिमा उद्धरण चिन्हको प्रयोग भएको छ भने दोस्रो अनुच्छेदको ३ पङ्क्तिमा पनि यसको प्रयोग भएको छ ।
१९. इज्जतको ‘वास एन वियर क्रिज’ कहिले बिग्रिन्न,
३०. आडम र इभको ‘बर्जित फल’ खानमा बर्ता गरिन्छ,
६३. कि ‘यो हल्लैहल्लाको देश हो’

यहाँ १९ औं पङ्क्तिमा ‘वास एन वियर क्रुज’ वाक्यको विशिष्ट अर्थ छ भन्ने सन्दर्भमा उद्धरणको प्रयोग गरिएको छ । त्यसै गरी ३० औं पङ्क्तिमा ‘बर्जित फल’ वाक्यको विशिष्टता प्रकट गर्न यो चिन्हको प्रयोग गरिएको छ । दोस्रो अनुच्छेदमा रहेको तेस्रो पङ्क्ति र सम्पूर्ण कविताको ६३ औं पङ्क्तिमा ‘यो हल्लैहल्लाको देश हो’ वाक्यको विशिष्टता प्रकट गर्न उद्धरणको प्रयोग गरिएको छ ।

**पूर्णविराम चिन्ह** (।)

कुनै पनि वाक्यलाई पूर्णता दिन यस चिन्हको प्रयोग गरिएको हुन्छ । कवितामा यस चिन्हले अनुच्छेद वा वाक्य समाप्त भएको जानकारी दिन्छ ।
कविताको दोस्रो अनुच्छेदका ६५ र ६९ पङ्क्तिमा यस चिन्हको प्रयोग भएको छ ।
६५. त्यहाँ फगत हल्लैहल्ला थुप्रिएको पाइने छ ।
६९. यो हल्लैहल्लाको देश हो ।
६५ र ६९ औं पङ्क्तिमा प्रयोग भएको पूर्णविराम (।) चिन्हले कविता समाप्त भएको अर्थबोध गराएका छन् ।

**योजक चिन्ह** (-)

दुईवटा शब्दलाई जोडिएको अर्थात् भन्न खोजेको कुरालाई एकै ठाउँमा अटाउन नसक्दा योजक (-)चिन्हको प्रयोग गरिएको छ ।

२२. जहाँ कृषि-मेलाहरूमा

कविताको पहिलो अनुच्छेदको २२ औं पङ्क्तिमा योजक चिन्हको प्रयोग गरिएको छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा भूपी शेरचनको ‘यो हल्लैहल्लाको देश हो’ कवितामा लयविधानको खोजी गरिएको छ । कवि भूपि शेरचनद्वारा रचित प्रस्तुत ‘यो हल्लैहल्लाको देश हो’ कविता घुम्ने मेचमाथि अन्धो मान्छे (२०३६) कवितासङ्ग्रहमा सङ्गृहीत छ । गद्य लयात्मक भाषाशैलीका माध्यमबाट स्वच्छन्दतावादी-प्रगतिवादी स्वर उराल्ने कवि शेरचनका कवितामा समाजमा व्याप्त विकृति, विसङ्गति विरुद्ध व्यङ्ग्यात्मक प्रहार अभिव्यक्त भएको पाइन्छ । यो कवितामा प्रयुक्त लय नै यस कविताको आधारभूमि हो । कविताको भावलाई जीवन्त राख्न लय एक प्रमुख तत्व हो । यो कवितालाई अन्तरसाङ्गीतिक माधुर्य प्रदान गर्न लयविधानको महत्त्वपूर्ण भूमिका रहेको छ । गद्य लयमा संरचित यो कवितामा लयविधान के कस्तो रहेको छ भन्ने मूल समस्यामा यो अध्ययन केन्द्रित छ । तसर्थ ‘यो हल्लैहल्लाको देश हो’ कवितामा लयविधान सम्बन्धी प्रश्नको हल खोज्नु नै यस अध्ययनको मूल उद्देश्य हो । यो कवितामाथि लयविधानको दृष्टिबाट अहिलेसम्म कुनै अध्ययन नगरिएको हुँदा त्यो शोध रिक्तता पूरा गर्न प्रस्तुत अध्ययनपत्र महत्त्वपूर्ण रहेको छ । सङ्कथन विश्लेषणको विभिन्न कोणबाट विश्लेषण गर्न सकिने भएता पनि यस अध्ययनमा लयविधानअन्तर्गत रही अध्ययन गर्नु नै यस अध्ययनको सीमा हो । प्रस्तुत अध्ययनको लागि

प्राथमिक सामग्रीको रूपमा भूपि शेरचनद्वारा लिखित 'यो हल्लैहल्लाको देश हो' कवितालाई लिइएको छ । शोधका समस्यासँग सम्बन्ध राख्ने पुस्तक सैद्धान्तिक समालोचनाका ग्रन्थहरुबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । दुबै स्रोतका सामग्रीहरूको खोजीका लागि आधारभूत तथा सहायक सामग्री सङ्कलनको मुख्य स्रोत पुस्तकालयलाई बनाइएको छ । अध्ययनलाई निचोडमा पुऱ्याउनको लागि पाठ विश्लेषणकेन्द्री गुणात्मक अनुसन्धान ढाँचालाई उपयोग गरिएको छ । शब्दहरूको विविधतापूर्ण प्रयोगले कवितामा लय सिर्जना गरेको छ । २ शब्ददेखि ९ शब्दसम्मका पङ्क्तिहरू रहनुले यो कवितामा शब्दको वितरण विविधतापूर्ण रहेको छ । यस कवितामा शब्दगत र पङ्क्तिगत वितरण असमान र विविधतापूर्ण संरचना भएको देखिन्छ । सङ्गीत प्रतियोगिताको जज बहिरा हुनु, आत्मामा पत्थर परेकाहरू काव्यको निर्णायक हुनु, काठका खुट्टाहरू रेसमा विजयी हुनु, आदिले यस कवितामा आर्थी विचलन आएको देखिन्छ भने भाषिकागत र शाब्दिक विचलन भने केही मात्रामा भएको पाइन्छ । शब्दगत तहबाट हेर्दा कवितामा समान ध्वनि भएका शब्दको धेरै नै पुनरावृत्ति भएको छ । क्रयविक्रय शब्दको प्रयोगले कवितामा भावात्मक अन्तर्लय सिर्जना गरेको छ । कविताको १३ औं पङ्क्तिमा 'क्रयविक्रय' समान ध्वन्यात्मक उच्चार भएको तर विपरीत अर्थ दिने शब्दको प्रयोग भएको छ । कविताको आन्तरिक तथा बाह्य लय सिर्जनामा लेख्य चिन्हको प्रयोगले सहायक भूमिका खेलेका हुन्छन् । पूर्णविराम, योजक, अल्पविराम, विस्मयादिबोधक, प्रश्नवाचक जस्ता चिन्हहरूले कविताको आन्तरिक भावलाई बलियो बनाएका हुन्छन् । प्रस्तुत कवितामा यस्ता चिन्हहरूको प्रयोगले लय सिर्जनालाई थप प्रभावकारी बनाएको छ । यी आधारहरूले कवितामा लयगत विविधता र अन्तर्प्रवाहलाई सघन बनाएको पाइन्छ । यसरी, यस कविताको लय विश्लेषणका क्रममा कवितामा प्रयुक्त पङ्क्तिविन्यास, आवृत्ति वा समानान्तरता, विचलन, शब्दहरूको वैपरित्यमूलक प्रयोग र लेख्य चिह्नको प्रयोगले लय सिर्जनामा पारेको श्रुतिमधुर प्रभावका अध्ययनबाट लयविधानका दृष्टिले यो कविता उत्कृष्ट बनेको छ ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र (२०२०). भूपि शेरचनको हामी कवितामा सङ्कथन निर्मिति. *त्रि.वि जर्नल.* पृ.२३५-२४८ https://www.nepjol.info/index.php/TUJ/article/view/35884

खतिवडा, नित्यानन्द (२०७८). कवि भूपि शेरचन र हामी कविता. *प्रज्ञा ज्योति जर्नल.* वर्ष ७ अङ्क ४.पृ.१२२-१२८ https://doi.org/10.3126/pj.v4i1.45202

गौतम, लक्ष्मणप्रसाद (२०६९). *कविताको सैद्धान्तिक विमर्श,* पाठ्य सामग्री ।

पोखरेल, केशवराज (२०२०).भूपिका कवितामा यमकाभास वक्रता.*सहयात्रा.*अङ्क २, पृ.८-१५. https://www.nepjol.info/index.php/sotang

पौडेल, माधव प्रसाद र पोखरेल (२०८०). *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग.* विद्यार्थी पुस्तक ।

बराल, कृष्णहरि (२०७०). *गीत कसरी लेख्ने ?.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

रेग्मी, कमला(सन् २०२१). मैनबत्तीको शिखा कवितामा लयविधान. *सिद्धज्योति इन्टरडिसिप्लिनरी जर्नल, २,* पृ. १२५-१३७।

शर्मा, मोहनराज (२०७९). *शैलीविज्ञान* (तेस्रो संस्क.). नेपाल प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद (२०५७). *आधुनिक नेपाली समालोचना.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०). *कविता सिद्धान्त र नेपाली कविताको इतिहास.* ने. रा. प्र. प्र. ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३). *पूर्वीय र पाश्चात्य समालोचना साहित्य सिद्धान्त,* (दोस्रो संस्करण). विद्यार्थी पुस्तक भण्डार ।

शेरचन, भूपि (२०६४). घुम्ने मेचमाथि अन्धो मान्छे. *प्रज्ञा आधुनिक नेपाली कविता.* लक्ष्मणप्रसाद गौतम र नेत्र एटम ( सम्पा.). नेपाल प्रज्ञा प्रतिष्ठान ।



**Ethical approval for the research:** Not applicable

Consent for publication: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically


**Authors bio-note**


Laxmi Rumba is pursuing Mphil in Nepali Literature from Tribhuvan University Nepal.